# २०औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसनको कार्य समितिको मिति २०८२ साल माघ २८ गते मंगलबार बसेको २३०औं बैंठकको निर्णयानुसार यस संस्थाको २०औं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, स्थान र समयमा बस्ने निर्णय गरेकाले सम्पूर्ण सदस्य विकास बैंकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभामा उपस्थित हुनका लागि अनुरोध-पत्र तथा बार्षिक प्रतिवेदन सम्बन्धित सदस्य विकास बैंकहरुको प्रधान कार्यालयमा पठाइएको व्यहोरा अनुरोध गर्दै सो सम्बन्धी सूचना यस एशोसिएसनको Website : www.dban.com.np मा समेत राखिएको जानकारी गराउँदछु । कथंकदाचित पत्र प्राप्त नभएको भएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थित भइदिनु हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०८२ साल, चैत्र ११ गते, बुधबार,
स्थान : Siddhartha Wildlife Retreat, मेघौली चितवन, नेपाल,
समय : विहान ठिक १०:३० बजे ।

**छलफलका विषयहरु :**

१. कार्य समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने,
२. आ.व. २०८१/०८२ को वित्तीय विवरण पारित गर्ने,
३. आ.व. २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने,
४.आ.व. २०८२/०८३ को अनुमानित आय व्यय पारित गर्ने,
५. निम्न विधान संशोधनका विषयहरु पारित गर्ने,

- कार्यालयको परिवर्तित स्थान सम्बन्धी विधानमा संशोधन,
- संस्थागत सदस्यहरुको वार्षिक नविकरण शुल्क सम्बन्धी संशोधन,

६.विविध ।

DBAN
Development Bankers Association Nepal

सुयोग श्रेष्ठ
अध्यक्ष